नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रुकुमकोट, रुकुम पूर्व

०८८-४१३०८३ ०८८-४१३०६५
daorukumeast@moha.gov.np
daorukumeast76@gmail.com
daorukumeast.moha.gov.np

प.सं.: २०७७/०७८
च.नं.: ३६३

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्या.
रुकुम (पूर्व)

मितिः २०७७/०६/१४

विषयः- **निर्णयको प्रतिलिपि पठाइएको सम्वन्धमा।**

श्री गृह मन्त्रालय,
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा,
(राष्ट्रिय आपतकालीन कार्य सञ्चालन केन्द्र)
सिंहदरवार, काठमाडौं।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
प्रदेश नं. ५, वुटवल, नेपाल ।

प्रस्तुत विषयमा कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि गठित जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७७/०६/१४ मा बसेको वैठकबाट भएका निर्णयहरुको छाँयाप्रति यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

०७७-०६-१४
.............................
अञ्जु पोखरेल
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०७७ असोज १४ गते प्रमुख जिल्ला अधिकारी श्री राज कुमार राईको अध्यक्षतामा बसेको कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि जिल्ला संकट व्यवस्थापन केन्द्र (DCCMC) को १९ औं बैठक देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशील बमोजिमका निर्णय गरियो ।

**उपस्थितिः**

| | | | |
|---|---|---|---|
| अध्यक्ष | प्र.जि.अ. | श्री राज कुमार राई | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | प्र.ना.उ. | श्री गजुसिद्दि बज्राचार्य | जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व |
| सदस्य | स.प्र.ना.उ | श्री सुदन आचार्य | स.प्र.बल नेपाल, आश्रित गुल्म रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | प्र.अ.अ. | श्री प्रविण पनेरु | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम पूर्व |
| सदस्य | सहसेनानी | श्री आश्विन मल्ल | खडगदल गण, सुरक्षा गुल्म, रुकुमकोट, रुकुम पूर्व |
| सदस्य | नि.जि.स.अ. | श्री बिमला रोका श्रेष्ठ | जिल्ला समन्वय समिति, रुकुम पूर्व |
| सदस्य | स.प्र.जि.अ. | श्री अञ्जु पोखरेल | जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व |
| सदस्य | मे.सु. | डा. श्री गणेश चौधरी | जिल्ला अस्पताल, रुकुम पूर्व |
| सदस्य | का.प्र. | श्री गौरव ढकाल | स्वास्थ्य कार्यालय, रुकुम पूर्व |

**निर्णय नं. १**

रुक्मिणी विद्यालयमा स्थापित आईसोलेशन सेन्टरमा राखिएका संक्रमितहरुको खाना खर्चको भुक्तानीका लागि रुकुमकोट अस्पतालले सम्वन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २**

सिस्ने गाउँपालिकाको वडा नं. ५ र ६ मा लागु हुने गरी मिति २०७७/०६/०७ गतेदेखि २०७७/०६/१३ गतेसम्म जारी गरिएको निषेधाज्ञा हाललाई निरन्तरता नदिने निर्णय गरियो । साथै जिल्ला प्रवेश आवागमनलाई खुल्ला गर्ने र जिल्ला प्रवेश गर्ने नागरिकहरुलाई सम्वन्धित पालिकाले क्वारेन्टाईन वा होम क्वारेन्टाईनको व्यवस्था मिलाई राखे भनी गाउँपालिकाहरुमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

कोभिड-१९ नियन्त्रण गर्न, नेपाल सरकारको निर्देशन र निर्णय बमोजिम पालना भए नभएको विषयमा DCCMC को टिमले संयुक्त रुपमा स्थलगत अनुगमन गर्ने निर्णय गरियो ।

राज कुमार राई
प्रमुख जिल्ला अधिकारी